# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

**२०७४ असार २८ गते, बुधबार**

व्यवस्थापिका संसद, सार्वजनिक लेखा समितिका माननीय सभापति श्री डोरप्रसाद उपाध्याय सहित समितिका सदस्यहरु र माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगाल एवं महालेखा परीक्षकको कार्यालयका पदाधिकारी सहितको टोली बीच देशको समग्र वित्तिय अनुशासन, सार्वजनिक जवाफदेहिता, बेरुजु फछ्र्यौट, सार्वजनिक संस्थानको लेखापरीक्षणका विविध विषयहरुमा व्यवस्थापिका संसद सचिवालयमा छलफल सम्पन्न भयो ।

उक्त छलफल कार्यक्रममा सहभागी हुँदै समितिका माननीय सदस्यहरु श्री भरत कुमार शाह, श्री मोहन बहादूर बस्नेत, श्री मिना पुन, श्री हरी नेपाल, श्री विकास लम्साल, श्री योगेन्द्र चौधरी र श्री विष्णु पौडेलले उल्लेखित विषयमा आ-आफ्नो मन्तव्य राख्नु भयो । मुलुकमा खस्किदै गएको वित्तिय अनुशासन, सुशासन र जवाफदेहिताको स्तर अभिवृद्धिका लागि सार्वजनिक निकायका पदाधिकारीहरुलाई अनुशासित बनाउनु पर्ने, लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका व्यहोराहरु समयमै फछ्र्यौट गर्ने, सार्वजनिक लेखा समिति र महालेखा परीक्षकको कार्यालय बीच सहकार्य गरेर जानुपर्ने, वित्तिय अनुशासन पालना नगर्ने जिम्मेवार पदाधिकारीहरुको अभिलेख राखी जवाफदेही बनाउने, सामाजिक लेखापरीक्षण र महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण बीच तालमेल मिलाउने, लेखापरीक्षणका नयाँ मान्यता र सिद्धान्तहरुको अनुसरण गर्ने, लेखापरीक्षण गर्दा नतिजालाई जोड दिनुपर्ने विषयमा समितिका सदस्यहरुले सुझाव दिनु भएको थियो ।

सो अवसरमा सार्वजनिक संस्थान र तिनको कार्य-सम्पादन बारे समेत छलफल भयो । सो क्रममा आफ्नो स्थापनाको उद्देश्य अनुरुप कार्य नगर्ने तथा तोकिएको समयमा लेखापरीक्षण नगराउने सार्वजनिक संस्थानका जिम्मेवार पदाधिकारीहरुको कार्य प्रति संसदीय निगरानी बढाई जिम्मेवार र जवाफदेही बनाउने विषयमा समेत छलफल भयो ।

बैठकको शुरुमा माननीय महालेखा परीक्षकज्यूले समितिका पदाधिकारीहरु समक्ष वित्तिय अनुशासनको अवस्था कमजोर रहेको, बेरुजु बढ्दै गएको, व्यक्तिलाई जिम्मेवार बनाउन नसकिएको विषय राख्दै महालेखा परीक्षकको कार्यालयको संगठनात्मक र कार्यप्रणाली सुधार, नीतिगत र कानुनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तरमा सुधार, वित्तिय अनुशासन र जवाफदेहिता, संस्थागत सम्बन्ध र संचार लगायतका विषयमा सुधारका लागि तयार

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal

गरेको महालेखा परीक्षकको कार्य योजना (२०७४-२०८०) सम्बन्धमा माननीय समिति सदस्यज्यूहरुलाई अवगत गराउनु भयो ।

त्यसैगरी कार्यालयले आगामी दिनमा विद्यमान कानुनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्दै जिम्मेवार पदाधिकारीहरु पहिचान गरी जवाफदेहि बनाउन वित्तिय उत्तरदायित्व सम्बन्धि ऐन जारी गर्नुपर्ने र लेखापरीक्षण नगराउने सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरुलाई छिट्टै कानुनी दायरामा ल्याउने उल्लेख गर्दै यस कार्यमा सार्वजनिक लेखा समिति, नेपाल सरकार र सरोकारवाला निकायहरुको सहयोगको अपेक्षा गर्नुभयो ।

(रामुप्रसाद डोटेल)
नायव महालेखापरीक्षक/प्रवक्ता